मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पर्सा
विरगंज, पर्सा

फोन नं. ०५१-५२१८७९
इमेल: agriscienceparsa@gmail.com

सूचना! सूचना!! सूचना!!!

दलहन/तेलहन बाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धि विस्तृत सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८३/०७/१०

यस कृषि ज्ञान केन्द्र पर्साको आ.व. २०८३/०८४ मा सञ्चालन हुने दलहन/तेलहन बाली प्रवर्द्धन कार्यक्रमको लागि यस जिल्ला भित्रका दलहन/तेलहन बाली खेति गर्न ईच्छुक कृषक/कृषक समुह/ कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन (२०८३/०८/०९ गते) सम्म यस कार्यालयमा आवश्यक कागजात सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न सम्बन्धित सम्पुर्णमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

१. कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम (पुर्णरुपमा भरिएको)
२. कृषक समुह/कृषि सहकारीको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा प्रमाण पत्रको प्रतिलिपि, सम्वन्धित कृषक समूह/कृषि सहकारीको कार्यक्रम माग सम्वन्धित निर्णय स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
३. कृषक समुह /कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्न जिम्मेवारी दिइ खटाइएका पदाधिकारीको अख्तियारी पत्र तथा नागरिकता प्रमाण पत्रको फोटोकोपी स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।
४. कृषकको हकमा नागरिकता प्रमाण पत्रको फोटोकोपी स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
५. **तेलहन बालीका लागिः** कृषक समूह/ कृषि सहकारीको हकमा कम्तीमा ३ बिघा तथा कृषकको हकमा कम्तीमा १० कट्ठा जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि
६. **दलहन बालीका लागिः** कृषक समूह/ कृषि सहकारीको हकमा कम्तीमा २ बिघा तथा कृषकको हकमा कम्तीमा ५ कट्ठा जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि
७. लिजमा लिएको जग्गाको हकमा लाल पूँर्जा र लिजमा लिएको आधिकारिक कागजपत्रको प्रमाणित प्रतिलिपी समेत ।
८. सम्वन्धीत वडा कार्यालय वा स्थानीय तह वा कृषि शाखाको सिफारिस पत्र ।
९. मांग गरेको योजनाको लागत इस्टिमेट, कार्ययोजना, श्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ।

अनुदानका शर्तहरु

- कृषक/कृषक समुह/ कृषि सहकारी/उद्यमीको हकमा तल उल्लेखित सम्पर्ण कार्यक्रममा अबेदन दिन सक्नेछन।
  क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम
  - कृषि उत्पादन सामाग्रीहरु (उन्नत बीउ, कृषि चुन. सुक्ष्म तत्व)
  - साना सिंचाई व्यवस्थापन
  - तालिम तथा क्षमता अभिवृद्धि

  ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम
  - स्थानिय उत्पादन प्रयोग गरी प्रशोधन गर्ने मिलहरुको स्थापना वा स्तरोन्नती तथा प्याकेजिङ्ग र लेवलिङ्ग
  - प्रशोधन सम्बद्ध यन्त्र उपकरणहरु
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट परिधिभित्र रहि कार्यक्रम संचालन कार्यविधी बमोजिम हुनेछ ।
- गत आ.व.मा अनुदान नपाएका उन्नत प्रविधि अवलम्वन गरेको, व्यवसायी खेती गर्ने , बढी लागत सहभागिता भएको व्यक्ती/ संस्थालाई प्राथमिकता दिइने छ ।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ तथा त्यसको स्वयं जिम्मेवर हुनेछ।
- छोटो सुचीमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- अधिकतम् अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।

नोटः साना सिंचाई व्यवस्थापन सम्बन्धि कार्यहरू भूमिगत सिचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३ अनुसार हुनेछ ।

राम प्रीत ठाकुर
प्रमुख